लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।१३

पत्र : प्रथम

समय : २ घण्टा ३० मिनेट पूर्णाङ्क : १००

विषय : **Banking, Accounting, Mathematics and Information Technology**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड 'क' ४० अङ्क

१. वाणिज्य बैंक र वित्तीय संस्थाहरूलाई नियमन गर्ने नेपाल राष्ट्र बैंकले गर्ने विभिन्न कार्यहरू उल्लेख गर्नुहोस् । ५

**(Mention the various functions performed by Nepal Rastra Bank to regulate commercial banks and financial institutions.)**

२. नेपालमा बैंकिङ क्षेत्रको आधुनिकीकरण प्रक्रियामा डिजिटल बैंकिङ, मोबाइल वालेट र फिनटेक कम्पनीहरूको उदयले वित्तीय प्रणालीको स्वरूपमा ल्याएका सकारात्मक तथा नकारात्मक परिवर्तनहरू उल्लेख गर्नुहोस् । ५

**(Mention the positive and negative changes brought to the structure of the financial system by the emergence of digital banking, mobile wallets and fintech companies in the process of modernization of the banking sector in Nepal.)**

३. वित्तीय साक्षरता र वित्तीय समावेशीकरणले व्यक्तिगत र सामाजिक जीवनमा पार्ने प्रभाव वर्णन गर्नुहोस् । राष्ट्रियस्तरमा वित्तीय साक्षरता वृद्धि गर्न कुन कुन निकायको कस्तो भूमिका रहन्छ? लेख्नुहोस् । ४+६=१०

**(Describe the impact of financial literacy and financial inclusion in the personal and social life. Write the role of various institutions to raise the awareness on financial literacy at the national level.)**

४. प्रतितपत्रको प्रयोगमा आउन सक्ने जोखिमहरू उल्लेख गर्दै ती जोखिमहरूको न्यूनीकरण गर्न बैंकहरूले अपनाउनुपर्ने सावधानीहरू प्रस्तुत गर्नुहोस् । ४+६=१०

**(Mention the risks that may arise in the use of Letter of Credit (L/C) and present the precautions banks should adopt to minimize those risks.)**

५. नेपालको बैंकिङ तथा वित्तीय प्रणालीमा मर्जर र प्राप्ति तथा प्रविधिको विकासले के-कस्तो असर पारेको छ? वर्णन गर्नुहोस् । ५+५=१०

**(What are the effects of merger and acquisitions and technology development on banking and financial system of Nepal? Describe.)**

## खण्ड 'ख' ३० अङ्क

६. हिसाब मिलानका सामान्य सिद्धान्तहरू उल्लेख गर्दै यसको महत्त्वमाथि प्रकाश पार्नुहोस् । २+३=५

**(Point out the general principles of reconciliation and highlight its importance.)**

७. घट्दो मूल्य विधिको प्रयोग गरी ह्रासकट्टी कसरी गणना गरिन्छ? उदाहरणसहित वर्णन गर्नुहोस् । ५

**(How is depreciation calculated using the reducing balance method? Illustrate with an example.)**

क्रमशः

८. वित्तीय अनुपात विश्लेषणले व्यवसायको समग्र वित्तीय स्वास्थ्य मूल्याङ्कनमा कसरी सहयोग पुऱ्याउँछ? नेपालका बैंक तथा वित्तीय संस्थाहरूमा यस्ता अनुपातहरूको विश्लेषणको प्रभावकारिता वर्णन गर्नुहोस् । ६+४=१०

(How does Financial Ratio Analysis help in assessing the overall financial health of a business? Describe the effectiveness of using such ratio analysis in Banks and Financial Institutions of Nepal.)

९. नेपाल लेखामान (NAS) र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बिचका मुख्य अन्तरहरू लेख्नुहोस् । नेपाल वित्तीय प्रतिवेदनमानको कार्यान्वयनबाट बैंक तथा वित्तीय संस्थामा देखिएका प्रभावहरू प्रस्तुत गर्नुहोस् । ४+६=१०

(Point out the key differences between Nepal Accounting Standards (NAS) and Nepal Financial Reporting Standards (NFRS). Present the impact of NFRS implementation in Banks and Financial Institutions.)

## खण्ड 'ग' २० अङ्क

१०. एक किसानले रू. १,५०,००० एक बैंकको मुद्दती खातामा २ वर्षका लागि १०% प्रति वर्षका दरले अर्ध-वार्षिक चक्रीय ब्याज पाउने गरी जम्मा गरे । २ वर्षको अन्त्यमा प्राप्त भएको जम्मा रकम (साँवाँ + ब्याज) बाट उनले एउटा ट्र्याक्टर किने । यदि उक्त ट्र्याक्टरको मूल्य प्रति वर्ष ५% का दरले ह्रास हुन्छ भने, अर्को २ वर्षपछि ट्र्याक्टरको मूल्य कति हुनेछ? पत्ता लगाउनुहोस् । २.५+२.५=५

(A farmer deposits Rs. 1,50,000 in fixed deposit of a bank for 2 years at an interest rate of 10% per annum, compounded semi-annually. At the end of 2 years, the farmer uses the total amount (principal + interest) to buy a tractor. If the value of the tractor depreciates at a rate of 5% per year, calculate the value of the tractor after the next 2 years.)

११. क्रय मूल्य, विक्रय मूल्य र अंकित मूल्यको सम्बन्ध के हो? एकजना व्यापारीले क्रय मूल्यमा २५% थपेर १०% छुट दिन्छ । सो व्यापारीले नाफा वा घाटा के गर्छ? पत्ता लगाउनुहोस् । २+३=५

(What is the relation between cost price, selling price and marked price? A shopkeeper marks an article 25% above the cost price and allows a discount of 10%. Find out whether the shopkeeper makes a profit or loss.)

१२. तल दिइएको तथ्यांकबाट मध्यिका र बहुलक/रित पत्ता लगाउनुहोस् । २.५+२.५=५

(Find the value of median and mode from the data given below.)

| श्रेणी अन्तर (Class interval) | 30-40 | 40-50 | 50-60 | 60-70 | 70-80 | 80-90 | 90-100 |
|---|---|---|---|---|---|---|---|
| बारम्बारता (Frequency) | 3 | 5 | 7 | 11 | 10 | 3 | 1 |

१३. दिइएको तथ्यांकबाट Laspeyres विधि र Paasche विधि प्रयोग गरी मूल्य सूचकांक पत्ता लगाउनुहोस् । ५

(Using Laspeyres method and Paasche method, find the Price Index Number from the given data.)

| Items | Base Year data | | Current year data | |
|---|---|---|---|---|
| | $p_0$ | $q_0$ | $p_1$ | $q_1$ |
| A | 1 | 10 | 1.5 | 8 |
| B | 5 | 12 | 6.0 | 10 |
| C | 8 | 5 | 10.0 | 2 |

खण्ड 'घ' १० अङ्क

१४. संगठनमा कार्यालय प्रणालीको प्रयोग उल्लेख गर्नुहोस् । अपरेटिङ सिस्टमका कुनै दुई मुख्य कार्यहरू बयान गर्नुहोस् । ३+२=५

(Mention the applications of an office system in an organization. Explain any two major functions of an operating system.)

१५. संगठनमा सूचना प्रविधि सुरक्षाको लागि अवलम्बन गर्न सकिने उपायहरूको सूची तयार गर्नुहोस् । ५

(List out the various measures that may be adopted for IT security in an organization.)

:: समाप्त ::